जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) सिरहाको बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७८/०१/३० गते विहिवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**विशेष उपस्थिति:**

समन्वय उप प्रमुख- श्री सरोज कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

प्रमुख, श्री जागेश्वर प्रसाद यादव, बिष्णुपुर गाउँपालिका, सिरहा ।

केन्द्रीय परिषद् सदस्य, श्री देव कुमार यादव, नेपाल पत्रकार महासंघ

**उपस्थित:**

| क्र.स. | नाम थर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री प्रदीपराज कणेल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सिरहा | |
| २ | श्री जितेन्द्र कुमार गौली | प्रमुख सेनानी | शेर गण चोहर्वा, सिरहा | |
| ३ | श्री हिरा बहादुर पाण्डे | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, सिरहा | |
| ४ | श्री दिपेन्द्र गिरी | सशस्त्र प्रहरी उपरीक्षक | सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण, हे.क्वा., सिरहा | |
| ५ | श्री तुलसीराम प्रसाई | उप.अनु. नि. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा | |
| ६ | श्री वलीराम यादव | प्र.प्र.अ. | सिरहा नगरपालिका, सिरहा | |
| ७ | श्री कृष्ण देव यादव | स्वास्थ्य प्रमुख | स्वास्थ्य कार्यालय, सिरहा | |
| ८ | डा. अखिलेस चौधरी | मे.अ. | सिरहा अस्पताल, सिरहा | |
| ९ | श्री राजदेव यादव | सभापति | नेपाल रेडक्रस सोसाइटी, सिरहा | |
| १० | श्री प्रमोद कुमार पौद्दार | अध्यक्ष | उद्योग बाणिज्य संघ, सिरहा | |
| ११ | श्री माधवराज ओझा | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, सिरहा | |
| १२ | श्री संतोष कुमार सिंह | प्रमुख | पशु सेवा विज्ञ केन्द्र, सिरहा | |
| १३ | श्री जगदिश मण्डल | प्र.प्र.अ. | कार्यालय, न.पा., सिरहा | |

## जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) सिरहाको बैठक मिति २०७८/०१/३० गते।

**बैठकको कारवाही एवम् निर्णय**

१. कोभिड-१९ दोस्रो लहरको संक्रमण फैली रहेकोमा सो जोखिम न्यूनीकरण गर्न DCCMC सिरहाको मिति २०७८/०१/२१ को निर्णय नं. २ अनुरुप प्रमुख जिल्ला अधिकारीबाट सिरहा जिल्ला भर लागु हुने गरी आदेश जारी गर्न सिफारिस गर्ने निर्णय भई प्रमुख जिल्ला अधिकारीबाट २०७८/०१/२१ मा प्रचलीत कानून बमोजिम २०७८/०१/२३ को विहान ६:०० बजेबाट अर्को व्यवस्था नभएसम्मकालागि शर्त सहितको आदेश जारी भएकोमा जिल्लाको बढ्दो संक्रमण जोखिम न्यूनीकरण गर्न जन स्वास्थ्य विज्ञ समेतको सल्लाहमा अन्य उपाय अवलम्वन गर्नुका साथै भीडभाड हुन नदिन देहाय अनुरुपको व्यवस्था समेटी २०७८/०१/३१ को राति १२:०० बजे देखि ऐ. जेष्ठ २१ को राती १२:०० बजेसम्म प्रचलीत कानून बमोजिम प्रमुख जिल्ला अधिकारीबाट सिरहा जिल्ला भरका लागि लागु हुने गरी शर्त सहितको देहाय बमोजिमका आदेश जारी गर्न सिफारिस गर्ने ;

क) यस आदेशमा उल्लेखित विषयको अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाको मापदण्ड अवलम्वन गर्नु पर्नेछ।

ख) यस अधि अवलम्वन गरिएका हाटबजार, मेला, भेला सामुहिक भोज, नाचगान, जुलुस –याली नगर्ने नगराउने। डिजे बाजा नबजाउने र ध्वनी प्रदुषण नगर्ने।
तर निधो भै सकेको विवाह र धार्मिक सांस्कृति कृत्य स्वास्थ्य सुरक्षाको मापदण्ड अनिवार्य रुपमा अवलम्वन गर्ने शर्तमा न.पा./गा.पा. को कार्यालयको अनिवार्य लिखित स्वीकृतिमा मात्र १० जनामा नबढ्ने गरी विधि पु-याई सम्पन्न गर्ने।

ग) शैलुन, चिया/पान पसल/फैन्सी/कस्मेटिम, जिमखाना, स्पा, स्टिम बाथ/साउना, संचालन नगर्ने।

घ) स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई औषधी, पानी, दुध डेरी र पेट्रोलीयम पदार्थ निर्वाध रुपमा व्यवसाय गर्ने।

ङ) खाद्यान्न, फलफुल र तरकारी विहान ६:०० बजे देखि विहान ९:३० बजेसम्म संचालन गर्ने।

च) निर्माण सामाग्री खसाली भण्डारण गर्न वाहेक विहान ९:३० बजे देखि अपरान्ह ५:०० बजेसम्म व्यवसाय गर्ने।

छ) कृषि, उद्योग तथा विकास निर्माण स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य रुपमा अपनाई- उत्पादन , ढुवानी वितरण तथा निर्माण गर्न पाईने तर हाट बजार लगाउन नपाउने।

ज) कामकैलागि खटिनु पर्ने परिचय पत्रधारी कर्मचारी, स्वास्थ्यकर्मी, कृषि- उद्योग एवम् विकास आयोजना सम्वद्ध व्यक्ति, संचारकर्मी वाहेकको निजि तथा सार्वजनिक सवारी साधन नचलाउने।
यसमा दमकल, एम्वुलेन्स, सुरक्षा निकाय, अस्पताल, अत्यावश्यक पदार्थ ढुवानी तथा आपतकालीन उद्धारका सवारी साधन यथावत चल्ने।

झ) बढी संक्रमण फैलन सक्ने बस, म्याजिक, अटो रिक्सा नचलाउने तर आकस्मिक रुपमा स्वास्थ्य सुरक्षाको मापदण्ड पु-याई **विरामीलाई सेवा दिन मात्र** वाधा नपर्ने।
**यसमा विरामीको सुविधालाई ध्यानमा राखी तोकिएको भन्दा बढी भाडा नलिने/नदिने।**

ञ) होटल, खाजा पसल, रेष्टुरा संचालन नगर्ने।

ट) CCMC को २०७८/०१/१२ को प्रेस विज्ञप्तिमा उल्लेखित व्यवस्था अनुरुप भौतिक उपस्थितिमा शिक्षण कक्षा वा परीक्षा संचालनमा रोक लगाए अनुरुप संचालन नगर्ने।

ठ) यस अघि अवलम्वन गरिएको मास्क नलगाई हिड्ने वा भौतिक दुरी समेत कायम नगर्नेलाई संक्रमण रोग ऐन, २०२० अनुरु तत्काल रसिद मार्फत रु.१००/- रुपैया- एक सय जरिवाना गरी दाखिला गरिने, अति आवश्यक काम नपरी घर वाहिर ननिस्कने, निस्कनै परेमा माक्स लगाउने- दुरी कायम गर्ने, सावुन पानीले हात धुने वा आवश्यक्ता अनुसार स्यानीटाईजरको प्रयोग गर्नु पर्ने।

२. देहाय अनुरुपको विवरण, सिचुएसन सेन्टरले दैनिक रुपमा अध्यावधिक गरी प्रतिवेदन गर्ने साथै सोको सार्वजनिक सूचना प्रवाह गर्ने

क) जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC)
सिचुएसन सेन्टर (स्वास्थ्य कार्यालय, सिरहा परिसर) - सिरहा।
कोभिड-१९ दोस्रो लहर संक्रमण व्यवस्थापन सम्वद्ध अस्पतालहरुको क्षमता र उपलब्ध साधन :
२०७८/..../... सम्मको मिति: २०७८/..../...

| क्र.स | अस्पतालको नाम र स्थान | वेड संख्या | | | | | विरामी संख्या | | | | बाँकी खाली वेड संख्या | | | | | अक्सिजन पलान्ट भए/नभएको | अक्सिजन सिलिण्डर संख्या | | रेम्डीसिभिरको उपलब्ध संख्या | विशेषज्ञ चिकित्सक संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामान्य | क्याविन | HDU | ICU | भेन्टिलेटर | सामान्य | HDU | ICU | भेन्टिलेटर | सामान्य | क्याविन | HDU | ICU | भेन्टिलेटर | | भरिएको | खाली | | |
| | | | | | | | | | | | | | | | | | | | | |

प्रमुख जिल्ला अधिकारी

ख) जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC)

सिचुएसन सेन्टर (स्वास्थ्य कार्यालय, सिरहा परिसर)- सिरहा

कोभिड-१९ दोस्रो लहर संक्रमण व्यवस्थापन

मिति :२०७८/....../ ......

अघिलो दिन (मिति २०७८/...../... सम्म) को सिरहा जिल्लाको कोभिड-१९ सम्वन्धी विवरण :

| क्र.स. | न.पा./गा.पा. | एन्टिजेन/PCR Test संख्या | संक्रमित संख्या | आईसोलेसनमा रहेको संख्या | | | | अस्पतालमा उपचार भै रहेको संख्या | | | | | | स्थानीय तहले संचालन गरेको अस्पताल | | | | | | जिल्ला भित्र निको हुनेको संख्या | अन्य जिल्लाको अस्पतालमा रेफर भै निको हुनेको संख्या | कुल निको हुनेको संख्या | अन्य जिल्लाको अस्पतालमा रेफर भएको संख्या | मृत्यु हुनेको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | व्यक्तिकै घरमा रहेको संख्या | स्थानीय तहको आईसोलेसनमा रहेको संख्या | | | सिरहा अस्पताल | लहान अस्पताल | फुलकुमारी मेमोरियल अस्पतालत्र | RK Medicity धनगढीमाई | ससक्रषि अस्पताल | अन्य | कर्जन्हा | मिर्चैया | गोलबजार | धनगढीमाई | सखुवानन्कारकट्टी | अन्य | | | | | नेपाली सेनाले शव सदगत गरेको सख्या | मृतकका आफन्तले शव सदगत गरेको संख्या | कुल मृत्यु हुनेको संख्या |
| | | | | | गोलबजार न.पा. | लहान न.पा. | अन्य | | | | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

ग. जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC)

सिचुएसन सेन्टर एवम् व्यवस्थापकीय प्रयोजनकालागि अक्सिजन सिलिण्डर व्यवस्थापनको दैनिक विवरण :

अघिलो दिन (२०७८/ / ) सम्मको विवरण र आज (२०७८/ / ) गरिने व्यवस्थापन :

| क्र.स. | अस्पताल तथा आईसोलेसन सेन्टरमा मौजुदा (नाम र स्थान समेत खुल्ने अक्सिजन सिलिण्डर संख्या) | | | | विरामीको संवेदनशीलता र विरामीको चाप संख्या एवं खाली सिलिण्डर भराईदिन एवम् वाँड फाँडमा सहजीकरण गरिएको विवरण (नाम र स्थान समेत खुल्ने गरी) | अन्य |
|---|---|---|---|---|---|---|
| | भरिएको ठुलो | भरिएको सानो | खाली/खाली हुने ठुलो | खाली/खाली हुने सानो | | |
| १. | | | | | | |

यसको व्यवस्थापनकालागि नेपाल रेडक्रस सोसाइटी, शाखा कार्यालय, सिरहाले सहजीकरण गर्ने ।

३. सिचुएसन सेन्टरमा सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण बाट १ जना कर्मचारी खटाउने । सिरहा न.पा. ले १ कम्प्युटर अपरेटर खटाउने । सिचुएसन सेन्टरले विहान ८:०० बजे देखि दिउँसो २:०० बजे सम्म र दिउँसो २:०० बजे देखि राति ८:०० बजेसम्म २ सिफ्टमा काम गर्ने ।

४. जिल्ला भर खाली अक्सिजन सिलिण्डरको विवरण जिल्ला स्वास्थ्य कार्यालयले अध्यावधिक गरी सम्वन्धित अस्पताल/स्थानीय तह/निकायले व्यय गर्ने गरी रिफिल गराई व्यवस्थापन गर्न दैनिक रुपमा आफ्नो संयन्त्र परिचालन गर्ने ।
यसमा सम्वन्धित निकाय र जिल्ला प्रहरी कार्यालयले सहयोग पु-याउने ।

५. मारुती सिमेन्ट उद्योग, सिरहाबाट २० र विनायक अक्सिजन, सुनसरीबाट ३० गरी ५० वटा भरिएको ठुलो अक्सिजन सिलिण्डर मारुती सिमेन्ट उद्योग सिरहा मार्फत सहयोग स्वरुप उपलव्ध हुने गरी विनायक अक्सिजन सुनसरीबाट ल्याउन अनुरोध भएको हुँदा जिल्लाका सरकारी एवम् निजि अस्पतालहरुलाई विरामीको अवस्था र चाप अनुरुप निशुल्क उपलव्ध गराई खाली हुने सो ५० वा प्राप्त हुने संख्याको सिलिण्डर पछि मारुती सिमेन्ट उद्योगलाई फिर्ता गर्ने । हाल सो ५० वा प्राप्त हुने सिलिण्डर अस्पतालको जिम्मामा रहने गरी जिल्ला स्वास्थ्य कार्यालयले व्यवस्थापन गर्ने ।
यस पछि रिफिल गर्दा सम्वन्धित अस्पताल वा स्थानीय तहले व्यय गर्ने ।

६. कोभिड-१९ संक्रमण विरामीको जटिल अवस्था अनुरुप चिकित्सकको सलाह र रेख देखमा मात्र लगाईने " रेम्डीसिभिर " भ्याक्सिन जिल्ला स्थित अस्पतालहरुले उपयुक्त मात्रामा खरिद गर्ने ।
खरिद गरेको " रेम्डीसिभिर " को संख्या, म्याद रहने मिति, खपत संख्या र मौज्दातको विवरण सम्वन्धित सवै अस्पतालले तुरुन्त जिल्ला स्वास्थ्य कार्यालय एवम् " सिचुएसन सेन्टर(स्वास्थ्य कार्यालय सिरहा परिसर) " लाई प्रतिवेदन गर्ने ।

७. संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च.नं. ८२० मिति २०७८/०१/२१ को प्राप्त पत्रानुसार नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७८/०१/१९ को निर्णयबाट मिति २०७८/०१/२० गते राति १२:०० बजे देखि नियमित आन्तरिक उडानहरु बन्द भएको विदितै छ । यस अवस्थामा आवश्यक्तानुसार उद्धार उडान, मेडिकल चार्टर तथा कार्गो चार्टर उडान गर्नुपर्ने अवस्था आएमा हाललाई निम्न विषयमा मात्र उडान अनुमति प्रदान गर्ने गरी सिफारिश गर्ने ।
<u>निम्न :</u>

क) विभिन्न स्थानमा विरामी परि उद्धार गर्नुपर्ने वा अक्सिजन वा औषधी आपुर्ति गर्ने विषयमा,
ख) खाद्यान्न ढुवानी गर्ने हकमा,
ग) खोज तथा उद्धारकार्यमा संलग्नको हकमा,
घ) नेपाल सरकारका उच्च तहको अनुगमन भ्रमणको हकमा,
ङ) विकास निर्माणका सामाग्री ढुवानी कार्गो चार्टर उडान ।

८. शव व्यवस्थापन स्थल एवम् शव व्यवस्थापन व्यवस्था

- कोभिड-१९ संक्रमित मृत्यु हुँदा त्यस्तो शव गाड्ने वा जलाउने विवाद रहित स्थानको पहिचान गरी सर्व साधारण एवम् सुरक्षा निकायमा पूर्व सुचित गर्ने दायित्व हरेक न.पा./गा.पा. हुने भनी यस अघि नै भएको निर्णयलाई हरेक न.पा./गा.पा. ले आत्मसात गरी त्यस्तो स्थान खोली समयमै सूचित गर्ने ।
- DCCMC सिरहाको मिति २०७८/०१/२८ को निर्णय नं. ५ (ग) अनुरुप कोभिड-१९ संक्रमित भई मृत्यु भएको शव उठाई व्यवस्थापन गर्दा सम्वन्धित स्थानीय तहले शव वाहनमा लाग्ने ईन्धन र शव वाहन चालकलाई प्रति मृतक प्रोत्साहन स्वरुप रु.१,०००/- (रुपैंया- एक हजार) दिने निर्णय भएको हुँदा सो अनुरुप गर्न गराउन हुन ।

  हाल सिरहा जिल्लाको - सिरहा अस्पताल र लहान अस्पतालमा १/१ वटा शव वाहन भएको हुँदा २०७८/०१/२९ देखि २०७८/०२/१५ सम्म सिरहा अस्पतालको र त्यसपछि लहान अस्पतालको शव वाहन एउटा १५/१५ दिनकालागि आलोपालोमा " सिचुएस्न सेन्टर " सिरहा (फोन नं. ०३३-५२०७३१) को जिम्मा हुने गरी जिल्ला प्रशासन कार्यालयद्वारा खटाईएकोमा जगेडा हुने सो १ एक शव वाहन समेतको प्रयोग पायक पर्ने स्थानीय तहकालागि परिचालन गर्ने सम्वन्धित अस्पतालको दायित्व हुनेगरी व्यवस्थापन गर्ने ।
- शव रहेको अस्पतालले शवलाई शव वाहनमा सुरक्षा साथ राखिदिनु पर्ने ।
- स्वास्थ्य सुरक्षाको मापदण्ड अवलम्वन गरी श्री शेर गण, चोहर्वा ( ड्युटी अफिसर मो .नं. ९८६३०२९१०८) को समन्वयमा शव व्यवस्थापन गर्नु पर्ने ।

९. नेपाल विद्युत प्राधिकरणको महशुल काउण्टरमा भीड लाग्ने हुँदा अनलाईन क्यास पे गराउन वा जरिवाना नलिई पछि शुल्क बुझाउन सूचित गर्ने व्यवस्थाकोलागि सिरहा जिल्ला स्थित नेपाल विद्युत प्राधिकरणका शाखा कार्यालयहरु ( सिरहा, मिर्चैया, गोलबजार, लहान, सुखिपुर समेत) मा अनुरोध गर्ने ।

१०. बैंक तथा वित्तिय संस्थाहरुले भीड नहुने र स्वास्थ्य सुरक्षाका मापदण्डको अनिवार्य पालना गर्ने गराउने गरेर सेवा व्यवस्थापन गर्नु पर्ने । यसकालागि सम्वद्ध न.पा./गा.पा. र सुरक्षा निकाय समेतले दैनिक अनुगमन गर्ने ।

११. सिरहा अस्पतालको एन्टिजेन/ PCR Lab मा काम गर्ने स्वास्थ्यकर्मीलाई आवास सुविधा नरहेको, वहाँले दिनरात पनि काम गर्नुपर्ने अवस्था रहेको, दैनिक घरबाटै जाने आउने गर्दा जोखिम पनि बढ्न सक्ने र समय मै थप परीक्षण नतिजा ल्याउने सुविधाकालागि वहाँहरुको आवासको आन्तरिक प्रवन्ध सिरहा अस्पतालले मिलाउने ।

स्थान अभाव भएमा वा आन्तरिक प्रवन्ध गर्न नसकेमा ल्यावका स्वास्थ्यकर्मीको संयुक्त आवासकालागि हाल २०७८ जेष्ठ, अषाढ र श्रावण महिनाकालागि प्रति महिना रु.१७,०००/- (रुपैया- सत्र हजार) कर सहित कोभिड कोषबाट जिल्ला प्रशासन कार्यालयले भुक्तानी दिने ।

यसकालागि सिरहा अस्पतालले सम्झौता गर्ने ।

१२. सिरहा अस्पताल र आसपासका औषधी पसल २४ घण्टा सेवा दिने गरी खोल्नु पर्ने।
यसमा जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला प्रहरी कार्यालयले अनुगमन एवम् नियमन गर्ने।

१३. कोभिड-१९ जोखिम न्यूनीकरण गर्न लहान र सो क्षेत्रकोलागि ईलाका प्रशासन कार्यालय, लहान र ईलाका प्रहरी कार्यालय,लहान तथा सशस्त्र प्रहरी सुरक्षा वेश क्याम्प, लहानले प्रभावकारी अनुगमन/सहजीकरण/नियमन गर्ने।
अन्यत्र नेपाल प्रहरी/ सशस्त्र प्रहरी बलका यूनिट समेतले सो कार्य गर्ने।

१४. सिरहा जिल्लामा कोभिड-१९ संक्रमणको दोस्रो लहर (Second Wave) को अवस्था/ प्रभाव देहाय अनुरुप रहन गएको व्यहोरा बैठकमा अवगत भयो ;

**क) कोभिड संक्रमणको अवस्था :**

| जिल्ला | संक्रमितको विवरण | | | | | PCR | | Antigen | | संक्रमितको उपचार अवस्था | | | | | जिल्लामा उपलब्ध स्वास्थ्य पूर्वाधार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | हिजो सम्मको सक्रिय संक्रमितको संख्या | आज थप भएका सक्रमितको संख्या | निको भएका संख्या | मृत्यु भएका सक्रमित संख्या | हालको सक्रिय संक्रमितको संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | होम आईसोलेसनमा रहेका संक्रमितको संख्या | क्वारेन्टिनमा रहेका संक्रमितको संख्या | सामान्य उपचारमा रहेका संख्या | ICU मा उपचाररत संख्या | भेन्टिलेटरमा उपचाररत संख्या | अस्पताल संख्या | बेड संख्या | HDU बेड संख्या (सिरहा अस्पतालको) | ICU संख्या | भेन्टिलेटर संख्या | दोस्रो चरणमा खोप लगाएको व्यक्ति संख्या | अक्सिजन सिलिण्डर संख्या पाइप लाईन समेत |
| सिरहा | २८७ | ४४ | २९ | १८ | ३१४ | ११६५ | ३६१ | २६८ | २७ | २९२ | ० | २२ | ० | ० | १७ | ३९५ | १५ | १७ | ५ | ५०५९ | ३० |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

ख) स्वास्थ्य कार्यालय सिरहामा कोभिड-१९ विरुद्धको भाईल संख्या ४,७२७/- प्राप्त भई खोप लगाएकोमा खोप कार्यक्रमको प्रगति विवरण देहाय अनुसार रहेको ;

| पहिलो डोजको प्रगति | | | | |
|---|---|---|---|---|
| क्र.स. | मिति | लक्ष्य | प्रगति | प्रतिशत |
| १ | २०७७ माघ १४ देखि २४ सम्म | ३९३० | ३४२६ | ८७.१३ |
| २ | २०७७ फाल्गुन २ देखि १० सम्म | ३३०० | २९२४ | ८८.७० |
| ३ | २०७७ फाल्गुन २३ देखि चेत्र २ सम्म | ४१७७९ | ३३९३५ | ८१.२२ |
| दोस्रो डोजको प्रगति | | | | |
| क्र.स. | मिति | लक्ष्य | प्रगति | प्रतिशत |
| १ | २०७८ बैशाख ७ देखि ३० गते सम्मको प्रगति | ६३५० | ५०५९ | |

२०७८।१।३०

प्रमुख जिल्ला अधिकारी